## मिति २०७८।०२।२६ गते बसेको विहादी गाउँकार्यपालिका बैठको निर्णयहरु

**निर्णयहरु :**

निर्णय नं. १ : कोभिड १९ को विषम परिस्थितिका कारण आगामि आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने नीतिगत विषयहरु र समावेश गर्नुपर्ने योजनाहरु संकलनका लागि टोल / बस्ती भेला, वडा भेला, लगायत बाट संभव हुने नदेखिएकाले वैकल्पिक माध्यम तथा प्रविधि र सञ्चारका माध्यमवाट राय सुझाव संकलन गर्ने निर्णय गरियो।

निर्णय नं. २ : विहादी स्वास्थ्य चौकी रानीपानीको मिति २०७८।०१।२६ गतेको पत्रवाट विहादी स्वास्थ्य चौकी व्यवस्थापन समितिको मिति २०७८।०१।२३ गतेको निर्णयानुसार उक्त समितिको व्यवस्थापनमा सञ्चालित एम्बुलेन्स (ग १ झ २९२) को व्यवस्थापन तथा सञ्चालन गर्नको लागि विहादी गाउँपालिकामा जिम्मा दिएकाले उक्त निर्णय अनुमोदन गर्दै उक्त एम्बुलेन्सको सम्पूर्ण स्वामित्व गाउँपालकाले लिने निर्णय गरियो।

निर्णय नं. ३ : जिल्ला समन्वय समितिको मौजदात कोष सञ्चालन निर्देशिका , २०७५ बमोजिम लागत साझेदारीमा आयोजना निर्माण गर्न यस गाउँपालिकाको निर्माणाधीन प्रशासनिक भवनका लागि उक्त निर्देशिकाको दफा ५ बमोजिम प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४ : नेपाल सरकारवाट ६२ देखि ६४ वर्ष उमेर समुहका नागरिकहरुलाई लगाउनको लागि प्राप्त कोभिड १९ रोग विरुद्धको भेरोसेल खोप यस पालिका भित्रका ६२ देखि ६४ वर्ष उमेरका व्यक्तिहरुलाई प्राथमिकताका साथ लगाउने र यदि सम्भव भए सम्म फागुनमा ६५ वर्ष नपुगेका तर हाल जेठ ३० मा ६५ वर्ष उमेर पुगि पहिलो चरणमा खोप लगाउन छुट नागरिकहरुलाई लगाउने निर्णय गरियो र सो को जानकारी स्वास्थ्य शाखालाई दिने निर्णय गरियो।

निर्णय नं. ५ : यस वर्षको मनसुन शुरु भईसकेको वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै यथासम्भव चाँडो विपद् व्यवस्थापन तथा राहत उद्धार सम्बन्धी सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो।

**मिति २०७८।०२।२६ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णय प्रमाणित**

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

०७८/२/२६
ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०७८।०२।२६